

# प्रदेश-३



राप्रपाले असार २८ गते काठमाडौंमा हिन्दुराष्ट्रका पक्षधरहरु जम्मा गरी बृहत् सभा गर्ने तयारी गरेको छ।

## चितवनमा रोकिएन बलात्कारका घटना

# ६ महिनामा १६ जना बलात्कृत

**नेपाल समाचारपत्र**

चितवन

चितवनमा बलात्कारका घटना बढ्दै गएको पाइएको छ। पछिल्लो ६ महिनामा मात्रै जिल्लामा १६ वटा बलात्कारका घटना भएका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) चितवनले शुक्रबार भरतपुरमा पत्रकार सम्मेलन गरी पछिल्लो ६ महिनामा विवरण सार्वजनिक गर्दै सबैभन्दा बढी बलात्कारका घटना भएको जनाएको छ।

इन्सेक चितवनको २०७४ पुस १७ देखि २०७५ जेठ १७ को तथ्यांकअनुसार १६ वटा बलात्कारका घटना र ५ वटा बलात्कारको प्रयास भएको उल्लेख छ। बलात्कारको शिकार हुनेमा सबैभन्दा धेरै बढी बालिका रहेका छन्। १६ जना बलात्कृतमध्येमा १३ जना बालिकामात्रै रहेको इन्सेक चितवनका प्रतिनिधि दीपेन्द्र अधिकारीले जानकारी दिए। ३ जना महिला भने २० वर्षभन्दा माथि उमेर समूहका रहेका छन्। यस्तै १ बालक र १ बालिकामाथि पनि यौन दुर्व्यवहारको घटना भएको इन्सेकले जनाएको छ।

नेपाली समाजमा बलात्कारका घटना धेरैजसो स्थानीयस्तरमै हुने गरेका छन्। तर पछिल्लो समय कानुनी उपचार खोज्ने क्रम पनि बढेको छ। यस ६ महिनाको अवधिमा बलात्कारका घटनामा संलग्न २ जनाले कैद सजाय भोगीरहेका छन्। १५ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको कसुरमा कालिका नगरपालिका-३ का ५१ वर्षीय कृष्णलाल शर्मालाई ५ वर्षको कैद सजाय सुनाइएको थियो। शर्माविरुद्ध गत चैत २८ गते पीडित पक्षले इलाका प्रहरी कार्यालय रत्ननगरमा उजुरी दिएपछि कानुनी प्रक्रिया अघि बढेको थियो।

यसैगरी गत फागुनमा ९ र ७ वर्षीया बालिकालाई बलात्कार गरेको कसुरमा भरतपुर महानगरपालिका-१४, राधापुरका ७१ वर्षीय कुलप्रसाद पौडेललाई चितवन जिल्ला अदालतले १० वर्षको कैद फैसला सुनाएको थियो।

चितवनमा पछिल्लो समय हत्या हिंसाका घटना भने धेरै कम भएका छन्। पुस महिनायता जिल्लामा ३ जना पुरुषको हत्या भएको छ। १ समय दिनहुँजसो हुने यस्ता घटनाक्रम पछिल्लो समय कम हुँदै गइरहेका छन्।

**बलात्कार र यौन दुर्व्यवहारका अचम्मका घटना**

चितवनमा बलात्कार र यौन दुर्व्यवहारका यस्ता घटना सार्वजनिक भएका छन् यो सुनेर पत्याउनै गाह्रो हुन्छ। यस्तै एउटा प्रतिनिधिमूलक घटना भरतपुर महानगरपालिका वडा नं.३ बाह्रघरेमा रहेको श्री गणेश अपांग धार्मिक सेवा केन्द्रमा भयो। त्यहाँ आश्रित २ अपांग महिलामाथि जबरजस्तीकरणी हुने गरेको घटना सार्वजनिक भएपछि अपांग धार्मिक सेवा केन्द्रको पर्दाफास भयो।

सो केन्द्रका सञ्चालक बागलुङ नगरपालिका १३ घर भई हाल भरतपुर ३ बस्ने वर्ष ३९ का गणेश शर्मा परेका छन्। घटना वैशाख १ गते नै भए पनि डरत्रासका कारण उनीहरूले वैशाख ७ गते ढिला गरी प्रहरीमा जाहेरी दिएका थिए। केन्द्रमा आश्रित ३५ र १९ वर्षीया २ जना पीडितले घटनाबारे ढिला मात्र छिमेकीलाई भनेपछि घटना सार्वजनिक भएको थियो।

यस्तै अर्को बलात्कारको अचम्मको घटना सार्वजनिक भयो। जहाँ श्रीमतीले श्रीमान् विरुद्ध नै उजुरी दिइन्। २७ वर्षीया श्रीमती गीता (नाम परिवर्तन) ले भरतपुर-८ गौरीगन्ज बस्ने वर्ष ३६ का श्रीमान् हरि (नाम परिवर्तन) विरुद्ध जबरजस्ती करणी गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकी थिइन्। श्रीमान् विरुद्ध जबरजस्तीकरणीअन्तर्गत मुद्दा चलाइएको थियो। यस प्रकारका बलात्कारका घटना सायदै सुन्ने गरिन्छ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायव उपरीक्षक (डीएसपी) शिव शर्मा आचार्यले सबै भन्दा बढी बलात्कारको शिकारमा बालिका पर्ने गरेको बताए। उनले भने- 'जिल्लामा आउने अधिकांश बलात्कारका घटना बालिका सम्बन्धित हुन्छन्, केही मुद्दा मात्र उमेर पुगेका महिलाहरूको आउने गरेको छ।'

डीएसपी आचार्यले उमेर पुगेका महिलाको सहमतिमै यौन क्रियाकलाप हुने तर पछि विविध कारणले बलात्कार भएको भन्दै उजुरी आउने गरेको जानकारी दिए। उनले यस्ता प्रकारका घटना नियन्त्रणमा प्रहरीले सघाउने गरेको भन्दै जबरजस्ती मिलापत्र गर्ने काम नहुने बताए।

**महिला बेचविखन र बहुविवाहको घटनामा अछुतो छैन चितवन**

देशको मध्य भागमा रहेको चितवनमा सबै प्रकारका मानिस बसोबास गर्दछन्। पूर्वदेखि पश्चिम नेपाललाई राजधानीसँग सीधै जोड्ने चितवनमा धेरै कानुनविपरीतका घटना हुने गरेका छन्। पछिल्लो ६ महिनामा महिला बेचविखन, बालिका बेचविखन र बहुविवाहका घटनासमेत चितवनमा भएका छन्।

इन्सेकको तथ्यांकअनुसार एउटा बालिका बेचविखन र ३ वटा महिला बेचविखनका घटना भएका छन्। यस्तै ५ वटा बहुविवाहका घटना सार्वजनिक भएको इन्सेकले जनाएको छ। यस्तै चितवनमा १ सय ३१ वटा घरेलु हिंसाका घटनासमेत भएका छन्।

# 'सुन्दरी बस्ती' गाउँपालिकालाई हस्तान्तरण

**नेपाल समाचारपत्र**

नुवाकोट



भूकम्पपीडित नागरिकलाई सहजरूपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले नुवाकोटको तार्केश्वर गाउँपालिका वडा नम्बर १ को काफलपानीमा एकीकृत नमुना बस्ती 'सुन्दरी बस्ती'को निर्माण गरी गाउँपालिकालाई हस्तान्तरण गरिएको छ।

सेभ द चिल्ड्रेन र सामुदायिक विकास केन्द्र नेपालको आर्थिक र प्राविधिक सहयोग र तार्केश्वर गाउँपालिकाको समन्वयनमा स्थानीय बासिन्दाबाट स्वनिर्माण बस्तीको हस्तान्तरण गर्दै प्रतिनिधिसभा सदस्य एवं सांसद बहादुर लामाले भूवनोटको आधारमा विकट र भूकम्पबाट क्षतिग्रस्त ठाउँका पुनर्निर्माण र व्यवस्थापनका लागि सर्वप्रथम योजनाबद्धरूपमा काम अगाडि बढाउँदा निर्धारित समयमा काम सम्पन्न हुने बताउनुभएको छ। प्रतिनिधिसभा सदस्य एवं सांसद लामाले तार्केश्वर गाउँपालिकामा पर्यटनको सम्भावना रहेको भन्दै गाउँपालिकाको विकास निर्माणका लागि पर्यटन जोनको आवश्यकता रहेको बताउनुभएको छ।

भूकम्पको क्षेत्रमा काम गर्न आएका सामाजिक संस्थाको सहकार्यमा स्थानीयबासीले निर्माण सम्पन्न गरेको १५ घरधुरीसहितको सुन्दर बस्तीको हस्तान्तरण कार्यक्रममा जिल्ला समन्वयन समिति नुवाकोटका प्रमुख सन्तमान तामाङले एकीकत नमुना बस्ती विकास निर्माण एक पाटो रहेको भन्दै आगामी योजना परिणाममुखी हुनुपर्ने बताउनुभएको छ। यस्तै, कार्यक्रममा तार्केश्वर गाउँपालिकाका प्रमुख रमेश बस्तीले गाउँपालिकालाई विकसित र सुन्दर बनाउनका लागि गाउँपालिकाभित्र अन्य स्थानमा पनि एकीकृत नमुना बस्ती निर्माण गर्ने नीति तथा कार्यक्रम रहेको बताउनुभएको छ। उहाँले आगामी दिनमा विभिन्न सामाजिक संघसंस्थासँगको सहकार्यमा गाउँपालिकाभित्र उपयुक्त ठाउँको चयन गरी एकीकृत बस्ती निर्माणमा पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

एकीकत बस्ती हस्तान्तरण कार्यक्रममा गाउँपालिका उपाध्यक्ष तारा रिमाल, विभिन्न वडाका वडाध्यक्ष, समाज कल्याण परिषद्का सदस्य सचिव डिल्लीप्रसाद भट्ट, नेपाली कांग्रेसका जगत तमाङ, नेपाली कांग्रेसका जिल्ला सदस्य सुनमाया तामाङ, सामुदायिक विकास केन्द्र नेपालका कार्यकारी निर्देशक विष्णुराज नेपाल, सेभ द चिल्ड्रेनका प्रमुख एवं प्रतिनिधि, स्थानीयबासीलगायत अन्य सरोकारवालाको उपस्थिति रहेको थियो।

# ठेकेदारलाई कारबाही गर्न स्थानीय निकायको पत्र

**नेपाल समाचारपत्र**

हेटौंडा

समयमै निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारबाहीको लहर चलेका बेला सडक निर्माणको ठेक्का लिएर काम नगर्ने निर्माण व्यवसायी (ठेकेदार) लाई हेटौंडामा स्थानीय निकायले कारबाही माग गरेको छ।

हेटौंडा-६ वडा कार्यालयले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा यसबारे पत्राचार गरेको हो। वडा कार्यालयले सडक बोर्डअन्तर्गत प्राप्त बजेटबाट निर्माण गर्नुपर्ने हेटौंडा-६, चौघडादेखि रंगशालासम्म कालोपत्रे नगरेको भन्दै ठेकेदारलाई कारबाहीका लागि प्रशासनलाई पत्राचार गरेको हो।

आव २०७३/०७४ को बजेटअनुसार ठेक्का लिएको शुभेच्छा निर्माण सेवाले काम नगरेको भन्दै कारबाहीका लागि पत्राचार गरिएको वडाअध्यक्ष अर्जुनप्रसाद चौलागाईंले बताउनुभयो।

२०७४ वैशाखअघि भएको सम्झौता समाप्त भएर २०७५ असार मसान्तसम्मका लागि सम्झौताको म्याद थप भएको थियो। तर, असार सकिनैलाग्दा पनि व्यवसायीले काम नगरेको भन्दै भुक्तानी रोक्का गरी छिटो काम सम्पन्न गराउन आवश्यक प्रक्रिया अघि बढाउन प्रशासनलाई पत्राचार गरिएको छ।

शुभेच्छाद्वारा सडक बोर्ड र नगरपालिकाबाट लगानी गर्ने गरी सम्झौता भएको अन्य क्षेत्रका कामसमेत भुक्तानी रोकी आवश्यक कारबाही अघि बढाउन प्रशासनलाई आग्रह गरिएको छ। यसबारे उपमहानगरपालिका कार्यालयलाई पनि जानकारी दिइएको वडा अध्यक्ष चौलागाईंले बताउनुभयो।

सडक कालोपत्रेको काम अघि बढाउन पटक-पटक पहल गर्दा निर्माण व्यवसायी सम्पर्कमा नआएको पत्रमा उल्लेख छ। पत्र प्राप्त भएपछि निर्माण पक्षलाई प्रशासनले असार २० गतेभित्र काम सम्पन्न गर्न अल्टिमेटमसहित निर्देशन दिएको छ। ५५ लाख लागतमा निर्माण हुन लागेको सडकको लम्बाइ २.४ किलोमिटर छ।

# द्वन्द्वपीडितको क्षतिपूर्तिका लागि ४ करोड

**नेपाल समाचारपत्र**

नुवाकोट

१० वर्षे सशस्त्र युद्धको समयमा अपहरणमा परेका तथा विस्थापित भएका पीडितका लागि क्षतिपूर्तिस्वरुप नेपाल सरकारले दिने रकम जिल्ला प्रशासन कार्यालय, नुवाकोटमा आएको छ।

तत्कालीन समयमा रहेको शान्ति तथा पुनर्निर्माण मन्त्रालयअन्तर्गतको 'द्वन्द्वप्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल-२०७४' ले सिफारिस गरेअनुसार ३० दिनभन्दा बढी समय अपहरणमा परेका र द्वन्द्वको क्रममा पीडित भएर विस्थापित हुन बाध्य भएका व्यक्तिका लागि रकम आएको हो।१ जनाको २५ हजारका दरले गृह मन्त्रालयले उपलब्ध गराएको रकम वितरण गर्न थालिएको प्रमुख जिल्ला अधिकारी उद्धव थापाले जानकारी दिए।

गत आव असार अन्तिममा रकम प्राप्त भए पनि प्रभावित सबैलाई वितरण गर्न अपुग भएपछि बाँकी पीडितलाई यो पटक पुनः गृह मन्त्रालयले क्षतिपूर्ति रकम जिल्लामा पठाएको हो। पीडित व्यक्तिलाई वितरण गर्न यो आवमा यहाँ ४ करोड ५ लाख ७० हजार प्राप्त भएको लेखापाल राम्जी लम्सालले जानकारी दिए।

कार्यदलको सिफारिसअनुसार नामावलीमा नाम भएका १ व्यक्तिका लागि २५ हजार प्राप्त गर्न आफू बसोबास गर्दै आएको वडा कार्यालयबाट विस्थापित तथा अपहरणमा परेको भन्ने सिफारिस चाहिन्छ। एकै परिवारमा विस्थापित तथा अपहरणमा पर्ने व्यक्तिको संख्या १ भन्दा बढी भएमा घरमूलीसँगको नाता प्रमाणित, नेपाली नागरिकता तथा नाबालक भएमा जन्मदर्ता प्रमाणपत्र अनिवार्य बनाइएको छ। कार्यदलको सूचीअनुसार नुवाकोटमा विस्थापितको संख्या ४ सय ६६ परिवारमा करिब १ हजार ७ सय रहेको अनुमान छ भने अपहरणमा पर्नेको संख्या ५ सय १७ रहेको छ।

# एनआरएनदेखि प्रहरीसम्मले मनाए धान दिवस

**मोतिराम तिमल्सिना, काभ्रे**

राष्ट्रिय धान दिवसको अवसर पारी जिल्लाका विभिन्न स्थानमा विभिन्न संघ संस्थाको आयोजनामा विविध कार्यक्रम सम्पन्न भएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालयले जिल्लाका सञ्चारकर्मीसँग अन्तरक्रिया गरी दुर्घटना न्यूनीकरणका उपाय, ट्राफिक व्यवस्थापनमा देखिएका समस्या र समाधानका उपायका विषयमा छलफल गरेको थियो।

ट्राफिक प्रहरी कार्यालय काभ्रेमा नियुक्ति भई आएका प्रहरी निरीक्षक निशेष चापागाईंले नागरिकको गुनासो सम्बोधन हुने गरी ट्राफिक व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरे। सडकको अवस्था, कम जनशक्ति, नागरिकको स्वतन्त्रताका कारण समस्या बन्दै गएको ट्राफिक व्यवस्थापनलाई ट्रिपरको ओभर स्पिड, प्रेसर हर्नजस्ता समस्याले वातावरण नै प्रदूषण बनाउँदै गएकाले त्यसको व्यवस्थापन चुनौती रहेको चापागाईंले बताए। अन्तरक्रियामा पत्रकार महासंघका प्रदेश सचिव सुरेश हुमागाईं, जिल्ला अध्यक्ष मोतिराम तिमल्सिना, जिल्लाका स१चारकर्मीले ट्राफिक प्रहरीलाई नागरिकले उठाउने विषयका बारेमा सुझाव दिएका थिए। सोही अवसरमा ट्राफिक प्रहरी र सञ्चारकर्मीहरूको सहकार्यमा दही चिउरा कार्यक्रम सम्पन्न भएको छ।

त्यस्तै सामुदायिक प्रहरी बनेपाले दही चिउरा कार्यक्रम सम्पन्न गरेको छ। सामुदायिक प्रहरी सेवा केन्द्र बनेपाका अध्यक्ष जीवनभक्त नकर्मीले सामुदायिक प्रहरीले नागरिकको सुरक्षाका लागि प्रहरीसँगैको सहकार्यमा विभिन्न सामाजिक कार्य गर्दै आएको बताए। सोही अवसरमा विभिन्न क्षेत्रमा क्रियाशील व्यक्तिको सहभागिता रहेको थियो।



राष्ट्रिय धान दिवसको अवसरमा गैरआवासीय नेपाली संघ, कृषि प्रबर्द्धन उपसमितिको आयोजनामा बनेपा नगरपालिका-१२ कोटथुम्कामा रोपाइँ कार्यक्रम सम्पन्न भएको छ। रोपाइँ कार्यक्रमको संयोजन युवराज गुरुङ, संयोजक, कपिलदेव थापा सहसंयोजक रहेका थिए। रोपाइँ कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिको सहभागिता रहेको थियो। मानो रोपेर मुरी फलाउने कृषकको अभिलाषाअनुसार असार १५ गतेलाई राष्ट्रिय धान दिवसका रूपमा मनाउने गरिएको छ।

त्यस्तै राष्ट्रिय धान दिवसको अवसर पारी बनेपा नगरपालिका-२ टुकुचामा रहेको श्वेत बाराह माविले रोपाइँ गरेको छ। कृषि प्राविधिक विद्यालय भएकाले विद्यालय आफैंले रोपाइँ कार्यक्रम आयोजना गरिएको प्रधानाध्यापक जीवन भण्डारीले बताए। रोपाइँ कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावकका साथै विभिन्न क्षेत्रका व्यक्तिको सहभागिता रहेको थियो। विद्यार्थीले कृषि विषयमा अध्ययन मात्रै नभई व्यवहारिकरूपमै रोपाइँका बारेमा जानकारी पाऊन् भन्ने उद्देश्यले रोपाइँ कार्यक्रम आयोजना गरिएको प्रअ भण्डारीले बताए।

त्यस्तै राष्ट्रिय धान दिवसका अवसरमा नेपाली कांग्रेस काभ्रे र बनेपा नगरसमितिले साँगा मन्दिरअगाडिको खेतमा रोपाइँ कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय नेता अर्जुन नरसिंह केसी, केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईं, जिल्ला सभापति मधु आचार्यलगायतको सहभागिता थियो। जिल्ला तथा स्थानीयस्तरका कार्यकर्ताले रोपाइँ कार्यक्रममा भाग लिएका थिए।

त्यस्तै धान दिवसकै अवसरमा रोशि गाउँपालिकामा विविध कार्यक्रम सम्पन्न गरिएका छन्। विद्यालयले विद्यार्थीलाई रोपाइँका बारेमा जानकारी गराएका छन् भने अन्य संघसंस्थाले पनि कृषिमा आबद्ध हुन र कृषिलाई व्यवसायिकरूपमा प्रयोग गर्न रोपाइँको महत्त्व रहेकाले कार्यक्रम आयोजना गरिएको बताएका छन्।

# 'हिन्दु राष्ट्रका लागि जनसंघर्ष गर्छौं'

चितवन, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष कमल थापाले नेपाललाई सनातन हिन्दुराष्ट्र कायम गराउन पार्टीले जनसंघर्षका कार्यक्रम अघि बढाउने बताएका छन्।

चितवनको भरतपुरमा मिडिया नेपालले गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै अध्यक्ष थापाले जनसंर्घषको पूर्वतयारीका लागि अगामी असार २८ गतेबाट हिन्दुराष्ट्र पुन:स्थापना जनजागरण अभियान सञ्चालन गर्ने जानकारी दिए। राप्रपाले असार २८ गते काठमाडौंमा हिन्दुराष्ट्रका पक्षधरहरू जम्मा गरी बृहत् सभा गर्ने तयारी गरेको छ। आगामी असोज मसान्तसम्म हिन्दुराष्ट्र पुन:स्थापना जनजागरण अभियान सञ्चालन गर्ने अध्यक्ष थापाले बताए।

फागुन ७ गतेदेखि हिन्दुराष्ट्र जनसंघर्ष कार्यक्रम थाल्ने राप्रपाको तयारी छ। अभियानकै क्रममा राप्रपाबाट फुटेर गएका अन्य शक्तिसँग पनि पार्टी एकता गर्ने उनले जानकारी दिए। ६/६ महिनामा फुट्नका लागि किन पार्टी एकता गर्नुहुन्छ? भन्ने पत्रकारको प्रश्नमा अध्यक्ष थापाले अब कहिल्यै नफुट्ने गरी सबै तयारीका साथ पार्टी एकता गरिने बताए।

'यस पटकको पार्टी एकता हामीले हचुवा र हतारको आधारमा गर्दैनौं, केही व्यक्तिको स्वार्थ परिपूर्तिका लागि पदीय भागबन्डाको आधारमा अबको एकता हुँदैन' -अध्यक्ष थापाले भने।

राप्रपा नेपाल र राप्रपाबीच भएको पार्टी एकता गल्ती नभए पनि एकतालाई जोगाउन नसक्नु कमजोरी भएको अध्यक्ष थापाको भनाइ छ। अबको पार्टी एकता गएको महाधिवेशनमा लिइएको नीति, सिद्धान्त र कार्यक्रमको आधारमा नै हुने अध्यक्ष थापाले बताए।

केपी ओली नेतृत्वको सरकारका बारेमा टिप्पणी गर्दै अध्यक्ष थापाले सरकारबाट आशा र आशंका दुवै रहेको बताए। प्रधानमन्त्री केपी ओलीले हालै गरेको चीन भ्रमण र सहमतिलाई उनले अत्यन्तै सकारात्मक भएको टिप्पणी गरे। तर, उनले दुई तिहाइको दुरुपयोग नगर्न समेत सचेत गराए।

२०७५, असार
शनिबार
१६

यो फैसलापछि पीडितले न्याय पाएको महसुस गर्नुभएको छ। 'मलाई कुटपिट गर्नेहरुलाई कार बाही भएको सुने, खुसी लाग्यो', उहाँले भन्नुभयो- 'अब यस्तो पीडा कसैलाई नपरोस्।'

# नेपाल

## गाउँपालिका अध्यक्षलाई भ्रष्टाचारको आरोपमा तेलमोसो

### पाँच दिनमा दुई जनालाई कालोमोसो

**ललित सिंह, बझाङ**



गाउँपालिकाको बजेटमा भ्रष्टाचार गरेको भन्दै मस्टा गाउँपालिका अध्यक्ष कर्णबहादुर कठायतलाई तेलमोसो लगाएका छन्।

गाउँपालिकामा सञ्चालन गरिएको कृषि कार्यालयको तालिम समापन कार्यक्रमा पुगेका अध्यक्ष कठायतलाई तालिम हलमै नेपाल कम्युनिस्ट पार्टी विप्लवका कार्यकर्ता आएर कालोमोसो दलेको प्रहरी नायव उपरीक्षक ऋषिराम कँडेलले जानकारी दिए। कँडेलका अनुसार तेलमोसोमा संग्लन विप्लव समूहका कार्यकर्तालाई प्रहरीले खोजी गरिरहेको छ। 'हामी अपराधिलाई कुनै हालतमा छोड्ने छैनौं।' जनप्रतिनिधिलाई तेलमोसो लगाउने अपराधिलाई खोज्न घटनास्थल वरपर प्रहरी परिचालन गरिएको छ।

आफूलाई विप्लवका कार्यकर्ताले भुटो आरोप लागाएको र चन्दा नदिएकाले प्रतिशोध लिएको गाउँपालिका अध्यक्ष कर्णबहादुर कठायतले बताए। उनले भने- '४ दिनदेखि गाउँपरिषद्को तयारीमा हामी जुटेका छौं। गाउँमा शान्ति सुरक्षा अभाव छ। कतिखेर कसलाई के हुन्छ केही भन्न सकिने अवस्था छैन।'

जनताको विकासे बजेटबाट कमिसन खाएको प्रशासनिक र्खच हिनामिना गरी तराईमा ४० लाखबराबरको घडेरी र जग्गा खरिद गरेकाले जनताको विकासे बजेट खानेलाई हामीले सामूहिकरूपमा चेतनामूलक सजाय दिएको नेपाल कम्युनिस्ट पार्टी विप्लवका जिल्ला कमिटी सदस्य काल शाहीले जानकारी दिए।

उनले भने- 'यो उदारण मात्र हो, हामी अबको क्रान्ति बझाङबाट शुरू गर्ने तयारीमा छौं। कुनै पनि भ्रष्टचारीलाई छोडिनेछैन। पहिले लुकेर घूस खाने काम गर्थे, अहिले जनप्रतिनिधिले खुलेरै घूस खान थालेको छन्।'

विप्लव समूहका कार्यकताले ४ दिनअघि साइपाल गाउँपालिकाका नायव सुब्बालाई गाउँपालिका जाने क्रममा भ्रष्टाचार गरेको आरोमा बीच बाटोमा तेलमोसो लगाएका थिए। अहिलेको अवस्थामा जिल्लाका १२ वटै तहका जनप्रतिनिधिलाई राजीनामाको माग गर्नुका साथै चन्दा माग्न माग राखिरहेका छन्। अहिले सबै तहका प्रतिनिधि नेकपा विप्लवको त्रासमा बसिरहेका छन्।

## कालीगण्डकीको पानी तानेर वारीबेनीमा खानेपानी

### १२ करोडमा नमुना योजना शुरु

**दुर्गाप्रसाद शर्मा, पर्वत**



पर्वतको जलजला गाउँपालिका-३ वारीबेनीमा जिल्लाकै ठूलो लिफ्ट खानेपानी आयोजनाको काम तीव्रताका साथ भइरहेको छ। म्याग्दी सदरमुकामसँग जोडिएको वारीबेनीमा खानेपानीको समस्यालाई समाधान गर्नका लागि १२ करोड ४३ लाखको लागतमा सो आयोजना शुरुआत गरिएको छ।

कालीगण्डकीको किनारमा थिग्र्याउने विधिको माध्यमबाट पानी संकलन गरी १ सय ५० मिटरमाथिको डाँडामा सोही पानी जम्मा गरी उपभोक्तालाई वितरण गरिने जिल्ला खानेपानी तथा सरसफाइ सबडिभिजन कार्यालय पर्वतले जनाएको छ। स्थानीय उपभोक्ताको ३० प्रतिशत जनश्रमदान र नगद साथै कार्यालयको ७० प्रतिशत लगानीमा सो आयोजना सञ्चालन भएको कार्यालयले जानकारी दिएको छ।

आयोजनामा कालीगण्डकी नदीको किनारमा 'स्लो स्यान्ड फिल्टर' विधि अपनाएर ३० मिटर गहिरो ट्यांकीमा पानी जम्मा गरिनेभएको छ। सो पानीलाई २ वटा पम्पको माध्यमद्वारा रिजर्भ ट्यांकीमा पुर्‍याएर उपभोक्तालाई वितरण गर्ने गरी तयारी भएको जिल्ला खानेपानी तथा सरसफाइ सबडिभिजन कार्यालयका प्रमुख प्रेम डोटेलले जानकारी दिनुभयो। निर्माणाधीन आयोजनाको ८० प्रतिशत काम सम्पन्न भइसकेको बताइएको छ।

बाँकी काम अगामी ६ महिनाभित्रमा सकेर उपभोक्तालाई स्वच्छ पानी वितरण गर्ने गरी काम भइरहेको उपभोक्ता समितिका उपाध्यक्ष डिलबहादुर बरुवालले बताउनुभयो। नजिकै कालीगण्डकी भएर पनि खानेपानीबाट वञ्चित भएका उपभोक्तालाई यो आयोजनाले राहत मिल्ने बरुवालले बताउनुभयो। 'हामी नजिकै खोलो भएर पनि खानेपानीविहीन भएर बसेका थियौं', बरुवालले भन्नुभयो- 'अब हामी खानेपानीको समस्याबाट चिन्तित हुनु नपर्ने गरी आयोजानको निर्माण गरिरहेका छौं।' खानेपानीको समस्या हुँदा स्थानीय ९ सय ५४ घरधुरीका उपभोक्ता खोलाको अस्वस्थ पानी उपभोग गर्न बाध्य भएका थिए।

आयोजनाको कुल लागत १२ करोड ४३ लाख ७४ हजार रहेको छ। यसमा सरकारको ८ करोड ७० लाख ६२ हजार र उपभोक्ताको ३ करोड ७३ लाख १२ हजार सहभागिता छ। आयोजनाबाट जलजला वडा नं २, ३ र ४ का ९ सय ५४ घरधुरीका ६ हजार ५ सय उपभोक्ता लाभान्वित हुने बताइएको छ।

निर्माणाधीन आयोजनाको पर्वतका प्रतिनिधिसभाका सांसद पदम गिरीले शिलान्याश गर्नुभयो। शिलान्याश कार्यक्रममा बोल्दै गिरीले पर्वत जिल्लाका सबै वडामा खानेपानीको समस्या समाधान गर्ने गरी दिर्घकालीनरूपमा काम भइरहेको बताउनुभयो। उहाँले आगामी ५ वर्षभित्रमा जिल्लाका सबै वडामा १ घर १ धारा मार्फत स्वच्छ खानेपानीको व्यवस्था गर्ने गरी केन्द्रबाट पहल भइरहेको बताउनुभयो। उहाँले केन्द्र सरकारबाट बजेटमा उचित व्यवस्था गर्न आफू लागिरहेको र ३ वटै तहसँगको समन्वयमा सबै जनताले स्वच्छ खानेपानी पाउने सुनिश्चितता गरिने बताउनुभयो।

## श्रीमान् साउदीमै बन्धक, बिरामी श्रीमती र छोराको बिचल्ली

**रामधन राई, खोटाङ**

खोटाङस्थित रुपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेका जितबहादुर कटुवाल साउदी अरबमा बन्धकको अवस्थामा रहेका छन्। वैदेशिक रोजगारीको क्रममा ९ वर्षदेखि साउदी आउँदै-जाँदै गरेका ३२ वर्षीय कटुवाललाई कम्पनीले १ वर्षदेखि बन्धकको अवस्थामा राखेको हो।

कटुवालले काम गर्ने कम्पनी रकान आरसीसी ट्रेनिङ कन्सट्रक्सनले गत वर्षको भदौदेखि काम-दाम र आवश्यकताअनुरुपको खाना नदिनुका साथै स्वदेश फर्कनसमेत दिएको छैन। दोस्रो छुट्टीमा आएर तेस्रो पटक साउदी फर्किएका कटुवाललाई कम्पनी घाटामा गएको भन्दै काम, दाम तथा खानासमेत नदिई साउदीमै रोकेर राखेको आफन्तले जनाएका छन्।

केही दिनपछि काम हुने भन्दै स्वदेश फर्कन नदिएको कटुवाललाई २/३ दिनमा १ पटक मात्र खाना दिने गरेको खबर पाएको उनकी बिरामी श्रीमती टीकामाया भट्टराई कटुवाल बताउनुहुन्छ। जितबहादुर कटुवालले साउदीमा काम गर्न पाएको अनुमति (अकामां) को म्याद सकिएको पनि १ वर्ष भईसकेको छ। काम-दाम दिन आग्रह गर्दा विभिन्न बहाना बनाउने कम्पनीले कहिले भने अनुमतिपत्र (अकामा) नवीकरण गर्न ५ हजार रियाल लाग्ने भन्दै आलटाल गर्ने गरेको कटुवालको गुनासो छ।

घरपरिवारमा कन्तबिजोग

पाठेघरको समस्या देखिएर अप्रेसन गरेको जितबहादुर कटुवालकी श्रीमती टीकामायाको अप्रेसन बिग्रिएर झनै समस्या थपिएको छ। आफैं थलिएर सहाराविहीन भएको ३३ वर्षीया टीकामायाको स्याहार गर्न सक्ने कोही छैनन्। यता ९ वर्षीय एक्लो छोरालाई समेत हर्नियाको समस्याले च्यापेपछि उपचार गराउन अस्पताल लैजानेसमेत कोही नभएको टीकामायाको भनाइ छ।

उहाँ भन्नुहुन्छ- 'म त थला परिहालें, छोराको समयमा उपचार गर्न पाए हुन्थ्यो।' आफन्तहरू बसाइँ सरी तराईतिर झरिसकेको उहाँले सुनाउनुभयो। 'छिमेकीले कति दिन सहयोग गरून् ?', उहाँ दिक्क मान्नुहुन्छ- 'म आफैं थला परेपछि अहिलेसम्म छिमेकीकै भरमा बाँचिरहेकी छु।'

उद्दार गरी स्वदेश फर्काइदिन आग्रह

आफ्ना श्रीमान्को उद्धारका लागि टीकामायाले जिल्लामा सञ्चालित सुरक्षित आप्रवासन परियोजना सामी सूचना तथा परामर्श केन्द्रमा दिनहुँ फोनमार्फत अनुरोध गरिरहनुभएको छ। वैदेशिक रोजगारीको क्रममा गाह्रो अफ्ठ्यारोमा परेकालाई सूचना केन्द्रले सहयोग तथा समन्वय गरिदिन्छ भन्ने सुनेर दिक्तेल बजारमा सञ्चालित सूचना केन्द्रमा सम्पर्क गरेको उहाँ सुनाउनुहुन्छ।

जितबहादुर कटुवालको उद्धारका लागि मुद्दा दर्ता गरी निःशुल्क कानुनी सहायता केन्द्र हुँदै साउदी राजदूतावाससम्म पुर्‍याइएको सूचना केन्द्रकी परामर्शकर्ता अम्बिका दाहालको भनाइ छ। तर दूतावासकी कर्मचारी अम्बिका अधिकारीले भने कम्पनी घाटामा गएकाले केही समय समस्या भए पनि छिट्टै काम पाउने बताउने गरेको परामर्शकर्ता दाहालको भनाइ छ। दाहालका अनुसार कटुवालले धैर्य गरेर बस्नु नै उत्तम हुने अधिकारीले बताउनुभएको छ।

## प्रहरी कार्यालयमा खानेपानी टयांकी

**सरिता चलाउने, सल्यान**

लामो समयसम्म पानीको समस्या रहँदै आएको जिल्ला प्रहरी कार्यालय सल्यानमा खानेपानी टयांकी निर्माण भएपछि सहज भएको छ। खानेपानी तथा सरसफाइको लागि पानीको चरम अभाव भोग्दै आएको कार्यालयमा आकाशे पानी संकलन गर्न २० हजार लिटर क्षमता भएको टयांकी निर्माण भएपछि प्रहरीलाई सहज भएको हो।

खानेपानी सरसफाइ डिभिजन कार्यालयको आकाशे पानी पनर्भरण आयोजनाअन्तर्गत ४ लाख ३ हजार अनुदानमा टयांकी निर्माण गरिएको छ। सदरमुकाममा प्रत्येक घर घरमा खानेपानीको धारा भएपनि जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरीलाई पानीको समस्याले गर्दा खानपिन तथा दैनिक सरसफाइमा धेरै समस्या भएपछि खानेपानी डिभिजन कार्यालय सल्यानले आकाशे पानी संकलन गर्न टयांकी निर्माणका लागि अनुदान दिएको थियो।

विगतमा पानीको समस्यावाट प्रहरी कर्मचारीहरू ज्यादै कठिनाई भोग्नु परेको समस्याले गर्दा सरसफाइ गर्न अधिक समय खर्च हुने अवस्था हटेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रमुख प्रहरी नायव उपरीक्षक भरत विकले बताउनुभयो।

पानीको अभावमा सदरमुकाम खलंगामा प्रहरीहरू बस्न नमान्ने गरेको समेत उहाँले बताउनुभयो। यहाँ पानीको अभावले गर्दा कोही बस्न रूचाउँदैनथे। सबै गाउँ रोज्ने गरेका थिए। अब थोरै भए पनि राहत भएको छ।' नियमित धारामा आउने पानी थोरै आउने र आवश्यकता धेरै भएकाले टयांकी निर्माण गरिएकाले यस राहत महसुस भएको प्रमुख विकले बताउनुभयो।



यहाँ रहेका प्रहरी जनशक्तिलाई नियमितरूपमा धारामा आउने पानीले मात्र नपुग्ने भएपछि वर्षात्को पानी संकलन गरी उपयोग टयांकी निर्माण गरिएको हो। टयांकी २० हजार लिटर पानी अट्ने क्षमताको रहेको छ भने ३ वटा धारा जडान गरिएको छ। योजना सम्पन्न गर्दासम्म ४ लाख ८३ हजार ७ सय ३२ रुपियाँ खर्च भएको छ।

अहिले टयांकी निर्माणसँगै आकाशबाट परेको पानीले भरिएपछि जोखिम उठाएर रातिको समयमा कुवा, पँधेरा, खोलामा नुहाउन, कपडा धुन जानुपर्ने बाध्यताबाट छुटकारा पाएको प्रहरी जवान विजय अधिकारीले बताउनुभयो।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय प्रमुख गुणनिधि पोखरेलले २० हजार लिटरको टयांकीमा जम्मा भएको पानीले जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानलाई प्रशस्त पुग्ने बताउनुभयो। '१ दिनमा १ जना व्यक्तिलाई ४५ लिटर पानीले पुग्ने सरकारी नम्स रहेको छ। त्यो नम्सअनुसार प्रहरी कार्यालयमा कार्यरत १ सय ७० जनालाई २ दिनसम्म खान र सरसफाई गर्न पुग्छ' -उहाँले भन्नु भयो।

टयांकीदेखि तल बनाएको धाराबाट बगेको पानीले जंगलमा रहेका मुहान सुक्नबाट बचाउन मद्दत गर्ने उहाँको भनाइ रहेको छ। जिल्ला प्रहरी कार्यालयमा मात्र आवश्यक परेमा अन्य ठाउँमा पनि आकाशे पानी संकलन गर्न टयांकी निर्माण गर्न सकिने प्रमुख पोखरेलको भनाइ छ। प्रमुख जिल्ला अधिकारीले निर्मित टयांकीको उचित स्याहार सम्भार गरे समयभन्दा बढी टिकाउन सकिने भएकाले त्यसतर्फ ध्यान दिन आग्रह गर्नुभयो। उहाँले शितलपाटी खलंगा खानेपानी आयोजनाअन्तर्गत घर-घरमा धारा वितरण गरे पनि शुल्कका साथै समितिले गरेको निर्णयप्रति चित्त नबुझेको स्थानीयको गुनासो आएकाले सजग भएर काम गर्न आग्रह गर्नुभयो।

### महिलालाई नाङ्गै बनाएर कुटपिट गर्नेलाई ६ महिना जेल

## न्याय पाएकोमा पीडित खुसी

**नरेन्द्र केसी, घोराही, दाङ**



दाङको भालुवाङमा १ महिलाई नाङ्गै बनाएर सार्वजनिकस्थलमा कुटपिट गर्ने २ जनालाई २५ हजार जरिवानासहित ६ महिना जेल सजाय गरिएको छ।

जिल्ला प्रशासन कार्यालयको आदेशसँगै उनीहरूलाई कारागार चलान गरिएको छ। इलाका प्रहरी कार्यालय भालुवाङले शीतगंगा नगरपालिका वडा नम्बर ८ ठाडाखोला निवासी ३९ वर्षीया दिलमाया पुनलाई कुटपिट र दुर्व्यवहार गर्ने राप्ती गाउँपालिका वडा नम्बर १ निवसी ३५ वर्षीया रेखा गुप्ता र २ ९ वर्षीया अनिता गुप्ताविरुद्ध जिल्ला प्रशासन कार्यालय दाङमा केही सार्वजनिक अपराध शीर्षकमा मुद्दा दर्ता गरेको थियो।

प्रमुख जिल्ला अधिकारी गजेन्द्रबहादुर श्रेष्ठले मुद्दाको फैसला गर्दै घटनामा संलग्न गुप्ताद्वयलाई ६ महिना जेल सजाय तोक्नुभएको हो। दुवै जनालाई २५/२५ हजार जरिवाना, ७ हजार ८ सय २० रुपियाँ उपचार खर्च भराउने फैसला पनि प्रजिअले गर्नुभएको छ।

यो फैसलापछि पीडितले न्याय पाएको महसुस गर्नुभएको छ। 'मलाई कुटपिट गर्नेहरूलाई कारबाही भएको सुने, खुसी लाग्यो', उहाँले भन्नुभयो- 'अब यस्तो पीडा कसैलाई नपरोस्।' फैसला भएलगत्तै इलाका प्रहरी कार्यालय भालुवाङले थुनामा रहेका अनिता र रेखालाई तुलसीपुर कारागार चलान गरेको छ। 'जेठ २७ गतेबाट रेखा र अनिलाई घटनाको अनुसन्धान गर्न म्याद थप गरेर थुनामा राखेका थियौं', प्रमुख जिल्ला अधिकारीले भन्नुभयो- 'फैसला गरेपछि कारागार चलान गरेका छौं।' इलाका प्रहरी कार्यालय भालुवाङका प्रमुख रवीन्द्रराज पाण्डेले भन्नुभयो- 'घटनाको गम्भीरता हेरेर हामीले मुद्दा दर्ता गरेका थियौं, दोषीमाथि कानुनी कारबाही भएको छ। समाजमा यस्ता घटना हुन नदिन सचेतनामूलक कार्यक्रम चलाउन जरुरी छ।'

सस्तो मूल्यमा जग्गा बिक्री गर्न नमानेपछि दिलमायामाथि कुटपिट भएको थियो। घटना भएको २ दिनपछि स्थानीय रितु रानाले भिडियो फेसबुकमा सार्वजनिक गरेपछि प्रहरीले संलग्न २ जनालाई पक्राउ गरेर मुद्दा दर्ता गरेको थियो। पीडितले न्याय पाएपछि आफन्त र सामाजिक अभियान्ताहरूले प्रहरी प्रशासन र न्यायिक प्रक्रियामा सहयोग गर्नेप्रति आभार प्रकट गरेका छन्।

हार्दिक श्रद्धाञ्जलि



स्व: बाला प्रसाद श्रेष्ठ

जन्म : १९९७/०१/२८

स्वर्गारोहण : २०७५/०३/०४

हाम्रा अविस्मरणीय मित्र श्री **बाला प्रसाद श्रेष्ठ**ज्यू को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना अर्पण गर्दछौं ।

**रविन्द्र मान सिंह प्रधान**
**अध्यक्ष**
**एभरेष्ट ट्राभल सर्भिस प्रा.लि.**
**तथा परिवार**
**स्थापित १९६५ (इ.वि)**